UNITED NATIONS NATIONS UNIES

# प्रेस सम्मेलनमा महासचिवले दिनुभएको मन्तव्य

काठमाडौं, २०६५ कार्तिक १६

सञ्चारमाध्यमका प्रतिनिधिज्यूहरूमा नमस्कार!

शान्ति स्थापना गर्ने काममा हासिल गरेको उल्लेख्य एतिहासिक प्रगतिका लागि नेपाली जनतालाई व्यक्तिगत रूपमा बधाइ दिन नेपालमा उपस्थित हुन पाउँदा म निकै हर्षित छु।

सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायको सम्मान प्राप्त गरेको- समग्रमा शान्तिपूर्ण तरिकाबाट- गत चैतमा सम्पन्न भएको सफल संविधानसभाको निर्वाचनका लागि म नेपाली जनताको सह्राना गर्छु।

मेरा लागि व्यक्तिगत रूपमा मात्र नभइ संविधानसभाको गठनपश्चात संयुक्त राष्ट्रसंघको महासचिवको हैसियतले नेपाल भ्रमण गर्ने पहिलो राष्ट्रसंघीय महासचिव हुन पाएकोमा पनि यो भ्रमण एतिहासिक बनेको छ र यस प्रेस सम्मेलनमा उपस्थित हुनुपूर्व मलाई संविधानसभामा सम्बोधन गर्ने र उहाँहरूको सफलताका लागि पुनः वधाइ दिने संयुक्त राष्ट्रसंघको पहिलो महासचिव हुने सम्मान मिल्यो।

मैले अघि भर्खरै संविधानसभामा भनेझैं माओवादी लडाकुहरूको समायोजन र पुनर्स्थापन नै हाम्रा सामु रहेको तात्कालिक चुनौती हो। यसै सन्दर्भमा माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनका लागि हालै गठन भएको विशेष समितिको स्वागत गर्छु।

म समितिमा प्रतिनिधित्व गर्ने दलहरूलाई आफ्नो महत्वपूर्ण काम छिटो भन्दा छिटो सुरु गर्नका लागि प्रोत्साहन गर्छु। उमेर नपुगेका र योग्य नठहरिएका लडाकुहरूको औपचारिक विदाइको काम छिटो अगाडि बढाउनका लागि पनि म सरकारसँग आग्रह गर्दछु।

संविधानसभा नेपालको उल्लेख्य प्रगति र नेपालीहरूले नयाँ सुनौलो भविष्यतर्फ लम्किने सामूहिक प्रयासको प्रमाण हो। म र मेरा विशेष प्रतिनिधि इयान मार्टिनको नेतृत्वमा रहेको राजनीतिक मिसन अन्मिन यस एतिहासिक परिवर्तनको हिस्सा हुन पाउँदा गौरवान्वित छौं।

तपाईका साझेदारका हैसियतले हामीले थुप्रै ठोस कदमहरू चालिरहेका छौं। उदाहरणका लागि राष्ट्रसंघको शान्ति निर्माण कोषले नेपालस्थित राष्ट्रसंघीय शान्ति कोषका लागि एक करोड डलर निकासा गरेको छ। यो रकम स्थानीय स्तरमा हुने शान्ति निर्माणका काममा खर्च गरिनेछ। साथै यो रकम पूर्व लडाकुहरूको समायोजन, युवाहरूलाई रोजगारीको सिर्जना र अन्य कार्यक्रमहरूमा पनि खर्च गरिनेछ।

मैले शान्ति प्रक्रिया र यसका उपलब्धिहरूलाई गहन चासो साथ हेरिरहेको छु र हेर्ने पनि छु साथसाथै राष्ट्रसंघको निरन्तर सहयोगको प्रतिबद्धता पनि जायर गर्छु।

राजनीतिक सामाजिक रूपान्तरणका लागि नेपालीहरू राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरू सँग मिलेर आफैंले सुरु गरेको अभूतपूर्व काम महत्वपूर्ण थियो।

नयाँ संविधान निर्माण गर्न, माओवादी सेनाको भविष्यको निक्यौंल गर्न र महत्वपूर्ण शान्ति निर्माणका अन्य पहलकदमीमा राजनीतिक दलहरू निरन्तर सहकार्य र सम्झौताको भावनाले अगाडि बढ्न प्रोत्साहन गर्छु।

म यहाँ संयुक्त राष्ट्रसंघको एक महत्वपूर्ण सदस्य राष्ट्रका रूपमा नेपालले यस संगठनका लागि पुर्याएको योगदानका लागि धन्यवाद दिन पनि यहाँ उपस्थित भएको छु। विश्वभरि सञ्चालित विभिन्न राष्ट्रसंघीय शान्ति स्थापना मिसनहरूमा नेपालले गत ५० वर्षमा ६०,००० भन्दा बढी नेपाली सेना र प्रहरी उपलब्ध गराइ योगदान दिएको छ।

संयुक्त राष्ट्रसंघ शान्ति स्थापना गर्ने काममा नेपालले प्रदान गरेको योगदान र यसको निरन्तर सहयोगको कदर गर्छु।

नेपालका विकासका प्रयासहरू, १० वर्षे द्वन्द्वको अन्त्यका लागि यसले गरेको संघर्ष, र २००६को विस्तृत शान्ति सम्झौताको कार्यान्वयनमा संयुक्त राष्ट्रसंघ निकटतम साझेदार रहेको कुरामा मलाई गर्व छ। राष्ट्रसंघले शान्ति प्रक्रियाको सहयोगमा गरिरहेको कार्यप्रति म प्रतिबद्ध छु।

नेपालले धेरै हासिल गरिसकेको छ तर पार गर्नु पर्ने चुनौतीहरू अनगिन्ती भएकाले यात्रा जारी नै राख्नुपर्छ। नेपालीहरूले लोकतन्त्रको अडान लिएका छन् र आफ्नो मुलुकमा द्वन्द्व

समाधान गरी दीगो शान्ति हासिल गरेर र अन्य मुलुकहरूमा पनि शान्ति स्थापनामा महत्वपूर्ण योगदान दिएर सम्पूर्ण विश्वका लागि नै नेपाल प्रेरणाको स्रोत बनेको छ।

अब म तपाईंहरूको प्रश्नको जवाफ दिनेछु।

धन्यवाद!